नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दैलेख

मिति २०८२ जेठ ३० गते जिल्ला प्रशासन कार्यालय दैलेखमा बसेका विपद व्यवस्थापन सम्बन्धित कार्यालय प्रमुख तथा विपद सम्पर्क व्यक्तिहरुसँगको बैठक

**एजेण्डाहरु**

१. विपद जोखिम तथा पूर्व तयारीको अवस्था समीक्षा
२. जिल्ला विपद व्यवस्थापन समितिका बैठकका निर्णयको प्रभावकारी कार्यान्वयन
३. कार्यविधि तथा मापदण्डहरुको अभिमुखीकरण र कार्यान्वयन
४. विपद जोखिम न्यूनीकरण, पूर्वतयारी तथा प्रतिकार्य योजनाको कार्यान्वयन
५. QRT/IRT परिचालन योजना तर्जुमा र कार्यान्वयन
६. सूचना प्रवाह
७. स्रोत साधन तथा जनशक्तिको परिचालन
८. अत्यावश्यक सेवा व्यवस्थापन
९. विपद पीडितका लागि राहत व्यवस्थापन
१०. अस्थायी आवास निर्माण अनुदान तथा निजी आवास प्रबलीकरण, पुनर्निमाण तथा पुनर्स्थापना
११. तथ्यांक व्यवस्थापन र प्रतिवेदन
१२. विविध

**निर्णयहरु**

१. सम्भावित विपदको जोखिम तथा हालसम्मको पूर्वतयारी अवस्थाको समीक्षा गरियो। यस वर्ष मनसुनजन्य विपदको जोखिम उच्च रहेको हुँदा उच्च सतर्कता अपनाउँदै सोको प्रतिकार्यका लागि सबै निकाय/कार्यालयहरु तयारी अवस्थामा रहने।

२. जिल्ला विपद व्यवस्थापन समितिको मिति २०८२ जेठ १ र जेठ १८ गतेका निर्णयहरु पूर्ण रुपमा कार्यान्वयन गर्ने।

३. विपद व्यवस्थापनसँग सम्बन्धित "विपद संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड २०८१", "विपद प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माण अनुदान मापदण्ड २०८१" तथा "विपद प्रभावित निजी आवास प्रवलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०८१"का बारेमा अभिमुखीकरण गरियो। आगामी दिनमा विपद व्यवस्थापन उल्लेखित कार्यविधि तथा मापदण्डहरु बमोजिम गर्ने/गराउने।

४. जिल्ला विपद व्यवस्थापन समितिको मिति २०८२ जेठ १८ गतेको बैठकबाट स्वीकृत जिल्ला विपद जोखिम न्यूनीकरण, पूर्व तयारी तथा प्रतिकार्य योजना (DPRP) तथा आपतकालीन मनसुन कार्ययोजना सबै कार्यालय, स्थानीय तहहरु तथा अन्य सरोकारवालाहरुले कार्यान्वयनमा ल्याउने। साथै कार्यान्वयन अवस्थाको नियमित रुपमा समीक्षा गर्ने।

प्रमुख जिल्ला अधिकारी

५. सम्भावित विपद जोखिमको अवस्थालाई मध्यनजर गर्दै सबै स्थानीय तह तथा विषयगत कार्यालयहरुले QRT/IRT परिचालन योजना तयार गरी कार्यान्वयन गर्ने। साथै सो को जानकारी जिल्ला प्रशासन कार्यालयमा गराउने।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दैलेख

विपद जोखिमको सम्भावना, अपनाउनुपर्ने सावधानी लगायत विपदसम्बन्धी सूचना, जानकारी तथा सन्देशहरु स्थानीयबासीहरु समक्ष समयमै पुऱ्याउन स्थानीय तहहरुले आवश्यक संयन्त्रको विकास गर्ने, सामाजिक सञ्जाल, सञ्चार माध्यमहरु तथा अन्य माध्यमहरु समेत प्रयोग गरी सूचना तथा सन्देशहरु प्रवाह गर्ने। विपद व्यवस्थापन र सूचना प्रणाली सम्बन्धी पोर्टलहरु https://bipadportal.gov.np, http://drrportal.gov.np, https://hydrology.gov.np आदि समेत सञ्चालन गरी सूचना प्रवाह गर्ने।

७. सबै स्थानीय तहहरुले तत्काल जोखिमयुक्त बस्ती, संरचना तथा पूर्वाधारहरुको पहिचान गरी जोखिम न्यूनीकरणका उपाय अवलम्बन गर्ने। तत्काल सुरक्षित आश्रय स्थलको पहिचान तथा विकास गरी तयारी अवस्थामा राखे। जोखिमयुक्त बस्ती तथा सुरक्षित आश्रयस्थलहरुको विवरण ७ दिनभित्र जिल्ला विपद व्यवस्थापन समितिलाई उपलब्ध गराउने।

८. स्थानीय तहहरुले विपद जोखिमको अवस्थाका आधारमा विपद उद्धारका आधारभूत सामग्रीहरु तत्काल व्यवस्थापन गरी नजिकका प्रहरी कार्यालय/सुरक्षा निकायमा उपलब्ध गराउने।

९. विपदका समयमा तथा विपद पश्चात जिल्लामा अत्यावश्यक सेवाको उपलब्धता सुनिश्चित गर्न सम्बन्धित सेवा प्रदायक कार्यालयहरु तयारी अवस्थामा रहने। जनशक्ति तथा स्रोतसाधनलाई तयारी अवस्थामा राखे।

१०. विपद प्रभावितहरुका लागि *"विपद संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड २०८१"* बमोजिम स्थानीय तहहरुले राहत व्यवस्थापन गर्ने, सो को जानकारी तत्काल जिल्ला विपद व्यवस्थापन समितिमा गराउने। राहत प्राप्त व्यक्तिहरुको विवरण अद्यावधिक गरी राखे। जिल्ला विपद व्यवस्थापन समितिबाट सोध भर्ना हुने राहतका हकमा तत्काल सोध भर्ना माग गर्ने। विभिन्न संस्था, निकाय तथा व्यक्तिबाट प्रदान हुने राहतको समेत समन्वय गरी एकद्वार प्रणालीको व्यवस्थापन गर्ने।

११. विपदका कारण निजी आवास पूर्ण रुपमा क्षति भएका वा आंशिक क्षति भएतापनि बसोबास गर्न योग्य नरहेका घर परिवारका लागि *"विपद प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माण अनुदान मापदण्ड २०८१"* बमोजिम र स्थायी संरचना प्रबलीकरण, पुनःस्थापना तथा पुनर्निर्माणका लागि *"विपद प्रभावित निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०८१"* बमोजिम प्रकृया अघि बढाउने। पुनर्निर्माण सम्बन्धी कार्यका लागि सो सम्बन्धी सूचना प्रणाली (https://reconstruction.ndrrma.gov.np) प्रयोग गरी प्रकृया अघि बढाउने।

प्रमुख जिल्ला अधिकारी